नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

फोन नं : ०६१ ४६१७६४
फ्याक्स : ०६१ ४६१९६२
इमेल : daokaski@gmail.com
वेभसाइट : daokaski.moha.gov.np

पत्र संख्या :०७८/७९

मिति : २०७८/०५/३० गते

## संविधान दिवस, २०७८ मनाउने सम्बन्धी सूचना ।

२०७८ सालको संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८/०५/१७ गते बसेको संविधान दिवस मुल समारोह समितिको स्वीकृत कार्यक्रम, गण्डकी प्रदेश स्तरीय मुल समारोह समिति तथा जिल्लास्तरीय सरोकारवाला सम्मिलित बैठकको निर्णयानुसार २०७८ साल असोज २, ३ र ४ गते कोभिड-१९ को स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै जिल्ला स्थित सम्पूर्ण सरकारी निकाय/ कार्यालय/ प्रतिष्ठान, संघ संस्था तथा आम सर्वसाधारणहरुले देहायका कार्यक्रमहरु आयोजना गरी मनाउने निर्णय भएको हुँदा सबैमा हर्षोउल्लासका साथ संविधान दिवस मनाउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**देहाय :**

१. जिल्लास्थित सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुले राष्ट्रिय झण्डा एवम् दिवस-केन्द्रित व्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने ।
२. सबै सरकारी, सार्वजनिक कार्यालय, सामुदायिक संघ संस्था तथा आम सर्बसाधरणहरुले असोज २, ३ र ४ गते साँझ दीप प्रज्वलन गर्ने ।
३. पोखरा महानगरपालिकाका देहाय मिति, समय र स्थानमा निम्न संस्थाहरुद्धारा गरिने दीप प्रज्वलन कार्यक्रममा सहभागी हुनुहुन ।

| सि.नं | संस्था | दीप प्रज्वलन गर्ने | | |
|---|---|---|---|---|
| | | स्थान | मिति | समय |
| १. | पोखरा उद्योग वाणिज्य संघ | चिप्लेढुङ्गा | २०७८/०६/०२ गते | साँझ ६:३० बजे |
| २. | पोखरा चेम्बर अफ कमर्स | सभागृह चोक | २०७८/०६/०२ गते | साँझ ६:३० बजे |
| ३. | लेखनाथ उद्योग वाणिज्य संघ | लेखनाथ चोक | २०७८/०६/०२ गते | साँझ ६:३० बजे |
| ४. | गैर सरकारी संस्था महासंघ | पृथ्वीचोक | २०७८/०६/०२ गते | साँझ ६:३० बजे |
| ५. | पोखरा पर्यटन परिषद् | शहिदचोक | २०७८/०६/०२ गते | साँझ ६:३० बजे |
| ६. | पोखरा महानगरपालिका | महेन्द्रपुल (भिमसेन चोक) | २०७८/०६/०२ गते | साँझ ६:३० बजे |

४. स्थानीय संचार माध्यम तथा पत्रिकाहरुबाट संविधानसँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन/प्रसारण गर्ने गराउने ।
५. जिल्ला स्थित मठ-मन्दिर, वुद्धविहार, मस्जिद, गुरुद्धार, चर्च लगायत धार्मिक स्थानहरुमा पुजारी-धर्मगुरुहरुबाट नित्य धार्मिक अनुष्ठान/संकल्प गर्दा राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्मको चीरशान्तिको कामना एवम् उच्च सम्मान तथा श्रद्धा प्रकट गर्दै पुजापाठ तथा प्राथना गर्ने ।

२०७८/५/३०
सहायक प्रमुख जिल्ला अधिकारी